# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, चैत्र २७ गते, २०७५ साल (अतिरिक्ताङ्क २

## भाग ३

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### प्रदेश नं. १ को सार्वजनिक बिदा तथा पर्वहरु

प्रदेश सरकार, प्रदेश नं. १ ले संवत् २०७६ साल बैशाख १ गतेदेखि २०७६ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा प्रदेश अन्तर्गतका सबै सरकारी कार्यालयहरुलाई देहाय बमोजिमको सार्वजनिक पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने प्रदेश सरकारको मिति २०७५/१२/२७ मा निर्णय भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

४.१. वर्ष भरिका शनिबार बिदाः

(क) बैशाखः- ७,१४,२१,२८

(ख) जेठः- ४,११,१८,२५,३२

(ग) असारः- ७,१४,२१,२८

(घ) साउनः- ४,११,१८,२५,३२

(ङ) भदौः- ७,१४,२१,२८

(च) असोजः- ४,११,१८,२५

(छ) कात्तिकः- २,९,१६,२३,३०

(ज) मङ्सिरः- ७,१४,२१,२८

(झ) पुस- ५,१२,१९,२६

(ञ) माघः- ४,११,१८,२५

(ट) फागुनः- ३,१०,१७,२४

(ठ) चैत्रः- १,८,१५,२२,२९

४.२. पर्व बिदाहरुः

४.२.१. प्रदेशभरी सार्वजनिक बिदा हुने पर्वहरुः

(क) नव वर्ष, बैशाख १ गते आइतबार ।

(ख) ऋषितर्पणी, रक्षाबन्धन, साउन ३० गते बिहीबार।

(ग) इस्लाम धर्मावलम्बीहरुको पर्व, ईद (इदुल्ल फित्र) का दिन ।

(घ) छठ पर्व, कार्तिक १६ गते शनिबार ।

(ङ) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (मंसिर पूर्णिमा, धान्य पूर्णिमा) मङ्सिर २६ गते बिहीबार।

(च) महाशिवरात्री, फागुन ९ गते शुक्रबार ।

(छ) फागुपूर्णिमा, हिमाली, पहाडी तथा भित्री मधेशका १० जिल्लामा फागुन २६ गते सोमबार र झापा, मोरङ्ग, सुनसरी र उदयपुर जिल्लामा फागुन २७ गते मङ्गलबार ।

४.२.२. सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान बिशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरुः

(क) सिरुवापावनी पर्वका दिन उक्त पर्व मनाउने झापा, मोरङ्ग र सुनसरी जिल्लामा बैशाख २ गते सोमबार ।

(ख) किराँत राई, याख्या, लिम्बू जातिको उभौली पर्व-चन्डी पूर्णिमा (वैशाख पूर्णिमा, जेठ ४ गते शनिबार) ।

(ग) इस्लाम धर्मावलम्विहरुको पर्व, बकर ईद (इदुल जोहा) का दिन ।

(घ) इसाइ धर्मावलम्विहरुको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष ९ गते बुधबार ।

(ङ) तमु ल्होसार, पुष १५ गते मंगलबार ।

(च) माघे संक्रान्ति तथा एवम् माघी पर्व, (थारु/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व) माघ १ गते बुधबार ।

(छ) सोनाम ल्होसार, माघ ११ गते शनिबार ।

(ज) हिमाली आदिवासी शेर्पाहरुले मनाउने ग्याल्वो ल्होसार, फागुन १२ गते सोमबार ।

४.२.३. महिला कर्मचारीहरुको लागि मात्रः

(क) हरितालिका (तीज), भदौ १६ गते सोमबार ।

(ख) जितिया पर्व, असोज ५ गते आइतबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि मात्र) ।

४.२.४. शिक्षण संस्थाहरुको लागि मात्रः

वसन्तपञ्चमी, माघ १६ गते विहीबार ।

४.२.५. जात्रा बिदा (मोरङ्ग र सुनसरीका लागि मात्र):

राधाकृष्ण रथयात्रा, भदौ ७ गते शनिबार ।

४.२.६. दशै विदाः

असोज १८ गते शनिबारदेखि असोज २२ गते बुधबारसम्म (फूलपातीदेखि एकादशीसम्म)

४.२.७. तिहार विदाः

(क) लक्ष्मीपूजा, कात्तिक १० गते आइतबार ।

(ख) म्हपूजा, कात्तिक ११ गते सोमबार ।

(ग) गोवर्धन पूजा, भाइटीका, नेपाल सम्वत् प्रारम्भ, कात्तिक १२ गते मंगलबार ।

४.२.८. दिवस बिदाः

४.२.८.१. प्रदेश नं.१ भरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरुः

(क) विश्व मजदुर दिवस, (मे १) बैशाख १८ गते बुधबार

(ख) संविधान दिवस (राष्ट्रिय दिवस), असोज ३ गते शुक्रबार ।

(ग) अन्तर्राष्ट्रिय महिला दिवस,(मार्च ८) फागुन २५ गते आइतबार ।

४.२.८.२. अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्रः

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते मंगलबार (प्रदेश भित्रका अपाङ्गता भएका सम्पूर्ण कर्मचारीहरुको लागि मात्र)।

४.२.९. जन्म जयन्ती बिदाः

४.२.९.१. प्रदेश नं. १ भरी सबैलाई हुने सार्वजनिक जयन्ती बिदाः

बुद्ध जयन्ती, जेठ ४ गते शनिबार ।

४.२.९.२. सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्रः

(क) गुरुनानक जयन्ती, कार्तिक २६गते मंगलबार (नेपाली शिख धर्मावलम्बी)।

(ख) फाल्गुनन्द जयन्ती, कात्तिक २५गते सोमबार (किराँत धर्मावलम्बी)

४.२.१०.राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरुः

(क) गणतन्त्र दिवस, जेठ १५ गते बुधबार ।

(ख) निजामती सेवा दिवस, भदौ २२ गते आइतबार ।

(ग) राष्ट्रिय एकता दिवस, पुष २७ गते आइतबार ।

(घ) सहिद दिवस, माघ १६ गते विहीबार ।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते बुधबार ।

(च) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, जेठ २१ गते मंगलबार ।

४.२.११.विदेशस्थित नेपाली नियोगहरुले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरुलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।

४.२.१२. सट्टा बिदाः

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता निरन्तर र आकस्मितक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरुमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरेबापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने ।

४.२.१३. कार्यालय हाजिर हुने र छुट्ने समयः

(क) प्रदेशका सबै सरकारी कार्यालयहरुमा शुक्रबार बाहेक वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म र माघ १६ गतेदेखि चैत्र मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजे देखि अपरान्ह ५:०० बजे हुने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजे देखी अपरान्ह ४:०० बजेसम्म हुने ।

(ख) शुक्रबार बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म हुने ।

<u>द्रष्टव्यः</u>

(क) "आधादिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनुपर्छ ।

(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवाप्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ बजेसम्म खाजा खाने समय कायम गरिएको छ।

आज्ञाले,
गोपाल प्रसाद पराजुली
प्रदेश सरकारको सचिव